नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

(मान्यता समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:- २०८०/०८१
चलानी नं.:- ३६९

मिति: २०८०।१२।१६
नेपाल सम्बत ११४४ चिल्लागा: ४ शुक्रबार

विषय : पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति प्राप्त पाठ्यपुस्तक/पाठ्यसामग्री/सिकाइसामग्री मात्र प्रयोग गर्ने गराउने सूचना ।

सबै स्थानीय तहहरु
सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
नेपाल।

शिक्षा नियमावली २०५९ को परिच्छेद ७ को नियम ३५ बमोजिम विद्यालयहरूले प्रयोग गर्ने थप पाठ्यसामग्री तथा पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको सूचिमा रहेको हुनुपर्ने प्रावधान रहेकोले पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका २०७९ को दफा २७ उपदफा (१) बमोजिम गठित पाठ्यसामग्री व्यवस्थापन तथा मूल्याङ्कन समितिको सिफारिसको आधारमा विद्यालय तहका पाठ्यसामग्री स्वीकृत गरी सूचिकरण गर्ने व्यवस्था रहेको पाइन्छ ।
उक्त व्यवस्था अनुरूप पाठ्यक्रम विकास केन्द्रले प्रत्येक वर्ष पाठ्यपुस्तक/पाठ्यसामग्री/सिकाइसामग्री स्वीकृति प्रदान गरी यस केन्द्रको वेवसाइट **(moecdc.gov.np)** मा सूचीकरण गर्ने कार्य गर्दै आएको व्यहोरा अवगत गराउदै यस केन्द्रको सूचीमा रहेका पूर्वप्राथमिक देखि कक्षा १२ सम्मका सिकाइसामग्री/पाठ्यसामग्री/पाठ्यपुस्तक मात्र प्रयोग गर्नु गराउनु हुन सम्बन्धित सबै स्थानीय तहहरू, सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू, शिक्षक तथा अभिभावकहरूलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तारा पाण्डे तिवारी
शाखा अधिकृत